# अन्तःशल्क कट्टी र फिर्ता

**१ . कस्तो अवस्थामा अन्तःशुल्क कट्टा गर्न पाइन्छ ?**

१) मदिराजन्य र सूर्तिजन्य पदार्थका सम्वन्धमा त्यस्तो कच्चा पदार्थ खरिदमा तिरेको अन्तःशुल्क उत्पादनमा प्रयोग भएको आधारमा कट्टी गर्न पाइन्छ ।

२) अन्य स्वयं निश्कासन प्रणालीका वस्तु (सूर्तीजन्य वाहेक) को हकमा खरिदको आधारमा कट्टा गर्न पाइन्छ ।

**२. कस्ता वस्तुहरुको खरिद वा पैठारीमा तिरेको अन्तःशुल्क कट्टी गर्न पाईन्छ ?**

कच्चा पदार्थको खरिद वा पैठारीमा तिरेको अन्तःशुल्क कट्टी गर्न पाईन्छ ।

**३. अन्तःशुल्क रकम कस्तो अवस्थामा फिर्ता पाउन सकिन्छ ?**

अन्तःशुल्क लाग्ने वस्तु उत्पादन गरी विदेश निकासी गर्ने उद्योगले निकासी गरेको परिमाण उत्पादन गर्दा प्रयोग भएको कच्चा पदार्थ खरिद वा पैठारी गर्दा तिरेको अन्तःशुल्क उद्योगवाट वस्तु निष्काशन गर्दा तिर्नु पर्ने अन्तःशुल्क रकम कट्टी गर्दा मिलान हुन नसकेमा फिर्ता पाईन्छ ।

**४. अन्तःशुल्क फिर्ता दावी कहिले सम्म गरि सक्नु पर्नेछ ?**

अन्तःशुल्क विवरण वुझाउनु पर्ने अवधि समाप्त भएको मितिले एक वर्ष भित्र फिर्ता दावी गरि सक्नु पर्नेछ ।

**५. अन्तःशुल्क फिर्ता दावी गर्दा निकासी गरेको प्रमाणित गर्ने कागजातहरु के के पेश गर्नु पर्छ ?**

क. उत्पत्तिको प्रमाणपत्र

ख. निकासी प्रज्ञापनपत्र, रसिद तथा वीजक

ग. विल अफ ईन्ट्री र Airway Bill?consignment note?Transport Bill

घ. बैक मार्फत विदेशी मुद्रा भुक्तानी प्राप्तीको विवरण

**६. अन्तःशुल्क फिर्ता दावी गरेको मितिले कति दिन भित्र फिर्ता पाउन सकिन्छ ?**

फिर्ता पाउने ठहरेमा ६० दिन भित्र